सिभिल बैंक लिमिटेड
**CIVIL BANK LTD.**
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank
www.civilbank.com.np, SWIFT: CIVLNPKA

**सिभिल बैंक लिमिटेड**
**केन्द्रीय कार्यलय: क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी काठमाण्डौं-३१, पोष्ट बक्स:९७९९, फोन नं.४१६९०४०, ४१६९०३०, फ्याक्स नं :४१६९०३८**

# सिभिल बैंक लिमिटेडको चौथो वार्षिक साधारण सभासम्बन्धी सूचना

यस बैंकको मिति २०७१/०९/०९ गते बसेको संचालक समितिको १५८ औ बैठकको निर्णयानुसार बैंकको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उल्लेखित मिति, स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**१. सभा हुने मिति, स्थान र समय :**

सभा हुने मिति : २०७१ साल माघ महिना ९ गते (तदनुसार, २३ जनवरी., २०१५ ) शुक्रबार ।
स्थान : त्रिभुवन आर्मि अफिसर्स क्लब, सून्धारा, काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

**२. वार्षिक साधारण सभाको छलफलको विषयहरु :**

**(क) साधारण प्रस्तावहरु:**

१. संचालक समितिको वार्षिक प्रतिवेदन २०७०/०७१ उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित सम्वत् २०७१ आषाढ मसान्तसम्मको वासलात, मिति २०७०/०४/०१ देखि २०७१/०३/३२ गतेसम्मको नाफानोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पुंजीको १.५० प्रतिशतले हुन आउने रु.४,०४,८३,८७०/- (शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७१/०७२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. संस्थापक उप-समुह क(३) र क(४) बाट प्रतिनिधित्व गर्नु हुने संचालकहरु क्रमश: सुश्री जुनी गुरुङ्ग र श्री त्रिमिर महर्जनज्यूले संचालक पदबाट दिएको राजिनामा स्वीकृत भई रिक्त हुन आएको संचालक पदमा सोही उप-समुहबाट प्रतिनिधित्व गर्ने गरी संचालक समितिले वाँकी अवधिका लागि श्री विनोद लाल श्रेष्ठ र श्री रीता श्रेष्ठ लाई संचालक पदमा गरेको नियुक्तीको अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ७.०० प्रतिशत बोनस शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने
२. प्रस्तावित लाभांश स्वीकृती पछि बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने हुँदा सोही बमोजिम हुने गरी र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम बैंकको संस्थापक शेयरधनीहरुको संस्थापक उप-समुहहरुलाई एउटै समुह कायम गर्ने गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव पारित गर्ने । साथै प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक वा कम्पनी रजिष्ट्रारको कार्यालय) बाट फेरबदल गर्न सुझावर निर्देशन प्राप्त भएमा सो बमोजिम आवश्यक समायोजन र संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध:**

पुनश्च : सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, साधारण सभा सम्बन्धी जानकारी, प्रोक्सी फारम र प्रवेशपत्र यस बैंकको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौमा, बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कमलादी काठमाण्डौंमा आई निरीक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । संक्षिप्त आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन लगायत साधारण सभामा पेश हुने प्रस्तावहरु बैंकको website: www.civilbank.com.np बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित शेयरधनीहरुमा अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी कम्पनी साधारथप जानकारीहरु :

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७१।०९।२२ देखि साधारण सभा सम्पन्न नभएसम्म बैंकको शेयरधनी दर्ता किताब बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७१।०९।२१ गतेसम्म कारोबार भई मिति २०७१।०९।२९ भित्र यस बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कमलादी काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, नगद लाभांश तथा बोनस शेयर पाउनेछन् ।
२. प्रत्येक शेयरधनी महानुभावलाई शेयर लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । सभामा उपस्थित हुने शेयरधनीहरूलाई वार्षिक प्रतिवेदन पुस्तिका साथ संलगन प्रवेशपत्र साथमा लिई आउनु हुन अनुरोध छ । शेयरधनी महानुभावले कुनै कारणवश वार्षिक प्रतिवेदन पुस्तिका नपाउनु भएमा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट हुने किसिमको फोटो सहितको कुनै प्रमाण साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध छ ।
३. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका १०.०० बजे देखि सभाको समापन नभएसम्म खुल्ला रहनेछ । परिचय नं. (शेयरधनी नं.) को आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुंदा शेयरधनी महानुभावले आषनो परिचय नं. अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।
४. शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफु जुन समुहको शेयरधनी हो सोही समुहको शेयरधनीलाई मात्र प्रोक्सी दिन पाईनेछ ।
५. प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको सीमाभन्दा वढी हुने छैन ।
६. प्रतिनिधिपत्र (प्रोक्सी फारम) सभा सुरु हुनभन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात मिति २०७१/१०/०७ गते ११.०० बजे भित्र बैंकको केन्द्रीय कार्यालय कमलादी काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ ।
७. शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
८. एक जना शेयरधनीले एकभन्दा बढी शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ । तर, पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) बदर गरी पछि दिईएको प्रतिनिधिपत्रलाई मात्र मान्यता दिन अनुरोध गरी छुट्टै पत्र साथ प्रतिनिधिपत्र (प्रोक्सी फाराम) दर्ता गर्न ल्याएमा भने छुट्टै पत्र साथ प्राप्त पछिल्लो प्रतिनिधिपत्र (प्रोक्सी फाराम) लाई मान्यता दिईनेछ ।
९. बुँदा नं. ८ बमोजिम नियुक्त गरेको प्रतिनिधिलाई रद्द गरी अर्को प्रतिनिधि मुकरर गर्न चाहेमा सोको लिखित सूचना सभा हुनु भन्दा कम्तिमा ७२ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय कमलादी काठमाण्डौमा दर्ता गरिसक्नु पर्नेछ ।
१०. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी, सभाको काम कारबाही सुरु हुनुभन्दा अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधि पत्र (प्रोक्सी फारम) स्वत: बदर हुनेछ ।
११. बैंकको छाप र कम्पनी सचिवको दस्तखत भएको प्रतिनिधिपत्र (प्रोक्सी फारम) मात्र मान्य हुनेछ । फोटोकपी, इमेल वा फ्याक्स मार्फत प्राप्त भएको प्रतिनिधिपत्रलाई स्वीकार गरिने छैन ।
१२. कुनै संगठित संस्था वा कम्पनी शेयरधनीको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ । यसरी प्रतिनिधि पठाउँदा बैंकलाई लिखितरुपमा जानकारी दिनुपर्नेछ ।
१३. शेयरधनी महानुभावहरुलाई सूचित गराउन सकियोस् भन्ने दृष्टिले कुनै शेयरधनी महानुभावहरुलाई बैंक सम्बन्धी केही जिज्ञासा भए छलफलको विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत त्यस्तो जिज्ञासा लिखित रुपमा सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई बुझाउनु हुन अनुरोध छ । तर त्यस्ता जिज्ञासालाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

# सिभिल बैंक लिमिटेडको संक्षिप्त आर्थिक विवरण ०७०/०७१

(कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनको लागि प्रस्तुत गरिएको यो विवरण बैंकको वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो )

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस सिभिल बैंक लिमिटेडको चौथो वार्षिक साधारण सभाको प्रयोजनार्थ बैंकको आ. व. २०७०/०७१ को वासलात, नाफा नोक्सान हिसाव लगायत बैंकको समग्र कारोबारको अवस्था निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त आर्थिक विवरण मार्फत जानकारी गराउँदछौं ।

**समिक्षा अवधिको वित्तीय झलक**

बैंक तथा वित्तीय क्षेत्रको प्रतिष्पर्धि अवस्था, आर्थिक गतिविधिमा आएको शिथिलता, लगानीको क्षेत्र विस्तारमा नैराश्यता, अस्थिर तथा संक्रमणकालिन राजनैतिक वातावरण, श्रम शक्तिको पलायन आदिको चुनौतिपूर्ण अवस्थाबाट सिभिल बैंक लिमिटेड पनि अछुतो रहन सक्दैन । यद्यपी यस्तो विषम परिस्थितिलाई सही रुपमा विश्लेषण गरी आवश्यक पर्ने रणनीति तथा पूर्वाधार तयार पारी समय सापेक्ष बजार विस्तार तथा प्रविधिमुलक सेवाहरु प्रदान गर्न सक्षम भएको कारणले आज हामी छोटो समयमा लामो फड्को मार्न सफल भएका छौं । यस सिभिल बैंक लिमिटेडको समिक्षा अवधिको प्रमुख वित्तीय सुचकांकहरु निम्न बमोजिम रहेका छन् ।

**(क) प्रमुख उपलब्धि/नतिजा :**

*(रु.हजारमा)*

| विवरण | २०६८/०६९ | २०६९/०७० | २०७०/०७१ | गत वर्षको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| संचालन आम्दानी | २९,६६,१९ | ५६९,०६६ | ७९१,०२१ | ३९.०० |
| संचालन खर्च | २०,७०,७५ | ३०२,०२८ | ३६९,४५० | २.३२ |
| संचालन मुनाफा (व्यवस्था अघिको) | ८,९५,४४ | २६७,०३८ | ४२१,५७८ | ५७.८७ |
| खुद मुनाफा (कर पछिको) | २,७२,३४ | १२१,३२५ | २३८,०९९ | ९६.२५ |

**(ख) प्रमुख कारोबार तथा सुचकांक :**

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/०७१ | गत वर्षको तुलना प्रतिशतमा |
|---|---|---|---|---|
| चुक्ता पुँजी | १,२००,००० | २,०००,००० | २६,९८,९२४ | ३४.९५ |
| निक्षेप | ८,८०७,५४५ | १५,६३३,१५६ | २२,०४,९२९५ | ४१.०४ |
| कर्जा | ७,८२९,८२२ | १२,५२१,७६१ | १९,०७,६,२८८ | ५२.३५ |
| निष्कृय कर्जा | ० | ०.५०% | १.७६२४% | २५२.४८ |
| स्थिर सम्पति (खुद) | २२१,५८६ | २७६,१०९ | ३६०,३५९ | ३०.५१ |
| कुल सम्पत्ति | १०,७०१,२९५ | १८,२२५,६८७ | २५,४०१,९५२ | ३९.३७ |

**(ग) प्रमुख सुचकांक :**

| विवरण | २०६८/६९ | २०६९/७० | २०७०/०७१ |
|---|---|---|---|
| खुद मुनाफा/संचालन आम्दानी | ९.१८% | २१.३२% | ३०.१०% |
| संचालन खर्च/संचालन आम्दानी | ६९.८१% | ५३.०७% | ४६.७०% |
| सम्पत्तिमा प्रतिफल | ०.००२५ | ०.००६७ | ०.००९४ |
| प्रति शेयर आम्दानी | २.२७ | ७.५७ | ८.२४ |
| स्थायी कर्मचारी | २०८ | २५८ | ४०४ |
| शाखाहरु | १३ | २० | ४० |
| तरलता अनुपात | २४.८९% | ३०.५५% | २६.६०% |
| पुँजीकोष अनुपात | १४.१९% | १४.८५% | १४.६५% |

**लेखापरीक्षकको मन्तव्य :**

सिभिल बैंक लिमिटेडले कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिम तयार पारेको आ. व. २०७०/७१ को लागि संक्षिप्त वार्षिक आर्थिक विवरण, बैंकको वार्षिक आर्थिक विवरण तथा सञ्चालकको प्रतिवेदन अनुरुप छ र सो विवरण तोकिएको ढाँचा अनुकुल छ ।

**लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोउपर सञ्चालक समितिको प्रतिक्रिया :**

समिक्षा आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा बैंकको नियमित बैंकिङ्ग कारोवारको शिलशिलामा हुने सामान्य कैफियत (टिप्पणी) हरु बाहेक अन्य प्रतिकुल टिप्पणी नरहेको । उक्त कैफियतहरु उपर सञ्चालक समितिको ध्यानाकर्षण भएको र सुधारात्मक कदमहरु चाल्न र भविष्यमा नदोहोरिने व्यवस्था मिलाउन आवश्यक प्रबन्ध गरिएको छ । लेखापरीक्षकले दिएका सुझाव एवं सल्लाहलाई कार्यान्वयन गर्न बैंक व्यवस्थापनलाई निर्देशन समेत दिईएको छ ।

**लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

आ. व. २०७०/०७१ को बैंक व्यवस्थापनद्वारा तयार गरेको वित्तीय विवरणहरु (वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा नेपाल राष्ट्र बैंकको नियमानुसार पेश गर्नु पर्ने अनुसूचिहरु समेत) र सो वित्तीय विवरणहरुका आधारमा संचित मुनाफाबाट शेयरधनीहरुलाई नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त गरी बैंकको चुक्ता पूँजीको १.५०% (कर सहित) का दरले हुन आउने रु. ४,०४,८३,८७०/-(अक्षरेपी चार करोड चार लाख त्रियासी हजार आठ सय सत्तरी) नगद लाभांश तथा ७.००% का दरले बोनस शेयर वितरण गर्न प्रस्ताव गरिएको छ ।

## वासलात
### (२०७१ साल आषाढ मसान्त)

| पूँजी तथा दायित्व | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. शेयर पूँजी | २,८८,७८,४९,४२० | २,००,००,००,००० |
| २. जगेडा तथा कोषहरू | १४,८३,६७,५९८ | ३,८१,६०,६८१ |
| ३. ऋणपत्र तथा बण्ड | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | - | ३२,५८,९०,००० |
| ५. निक्षेप दायित्व | २२,०४,९२,९५,२१२ | १५,६३,३१,५६,२६१ |
| ६. भुक्तानी दिनुपर्ने बिलहरू | १,४०,८६,२२८ | ५०,०२,८७९ |
| ७. प्रस्तावित नगद लाभांश | ४,०४,८३,८७० | ११,५०,००,००० |
| ८. आयकर दायित्व | - | - |
| ९. अन्य दायित्व | २६,१८,७०,२८७ | १०,८४,७७,५१४ |
| **कुल पूँजी तथा दायित्व** | **२५,४०,१९,५२,६१५** | **१८,२२,५६,८७,३३५** |
| **सम्पत्ति** | **यस वर्ष रू.** | **गत वर्ष रू.** |
| १. नगद मौज्दात | ४९,८७,७९,३१७ | ३५,५२,२३,५९९ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३,४५,०२,२०,२१५ | २,४६,६४,३४,२५२ |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३८,८०,१८,७९५ | ३६,४६,६१,१३२ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | १८,४९,५७,१४२ |
| ५. लगानी | १,५३,४७,८९,६०३ | २,०६,२७,२४,३१७ |
| ६. कर्जा सापट तथा बिल खरिद | १८,६५,७१,९०,९३० | १२,३६,७३,६८,१६५ |
| ७. स्थिर सम्पत्ति | ३६,०३,५९,४४४ | २७,६१,०९,३७२ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - | - |
| ९. अन्य सम्पत्ति | ५१,२५,९४,३११ | १४,११,३९,३५६ |
| **कुल सम्पत्ति** | **२५,४०,१९,५२,६१५** | **१८,२२,५६,८७,३३५** |

## नाफा-नोक्सान हिसाब
### (मिति २०७० साउन १ देखि २०७१ आषाढ ३२ गतेसम्म)

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| १. व्याज आम्दानी | १,८६,८३,६८,८३२ | १,२५,५८,३५,६२७ |
| २. व्याज खर्च | १,२५,५५,९२,६०९ | ८१,५५,३४,०२१ |
| **खुद ब्याज आम्दानी** | **६१,२७,७६,२२३** | **४४,०३,०१,६०६** |
| ३. कमिशन तथा डिस्काउण्ट | ६,३३,८८,७४१ | ४,००,९६,९३९ |
| ४. अन्य सञ्चालन आम्दानी | ५,६३,५२,२६३ | ४,७०,३३,८८६ |
| ५. सटही घटवढ आम्दानी | ५,८५,११,९१६ | ४,१६,३४,४७५ |
| **कुल सञ्चालन आम्दानी** | **७९,१०,२९,१४३** | **५६,२०,६६,९०६** |
| ६. कर्मचारी खर्च | १५,७२,५१,३३२ | ११,५१,२०,०९२ |
| ७. अन्य सञ्चालन खर्च | २१,२१,९९,३२५ | १८,६८,३८,२७७ |
| ८. सटही घटवढ नोक्सान | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **४२,१५,७८,४८६** | **२६,७०,३८,५३७** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरू | २७,९९,६५,०३८ | ७,६०,९४,९८९ |
| **सञ्चालन मुनाफा** | **१४,१६,१३,४४८** | **१९,०९,४३,५४८** |
| १०. गैर सञ्चालन आम्दानी (खर्च) | - | (२,८८,९५७) |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | २३,२४,५३,६७७ | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३७,४०,६७,१२५** | **१९,०६,५४,५९१** |
| १२. असामान्य कारोवारहरूबाट भएको आम्दानी (खर्च) | (६,००,०००) | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **३७,३४,६७,१२५** | **१९,०६,५४,५९१** |
| १३. कर्मचारी बोनस व्यवस्था | ३,३९,५१,५५७ | १,७३,३२,२३६ |
| १४. आयकर व्यवस्था | १०,१४,१६,३१२ | ५,१९,९६,७०८ |
| (क) यस वर्षको कर व्यवस्था | १०,०४,३०,२६९ | ५,२८,४९,३०१ |
| (ख) विगत वर्ष सम्मको कर व्यवस्था | - | - |
| (ग) यस वर्षको स्थगन कर आम्दानी (खर्च) | ९,८६,०४३ | (८,५२,५९३) |
| **खुद मुनाफा (नोक्सान)** | **२३,८०,९९,२५६** | **१२,१३,२५,६४७** |

## नाफा-नोक्सान बाँडफाँड हिसाब
### (मिति २०७० साउन १ देखि २०७१ आषाढ ३२ गतेसम्म)

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| आम्दानी | | |
| १. गत वर्ष सम्मको संचित मुनाफा | २,१३,५७५ | २,२६,१२,०५६ |
| २. यस वर्षको मुनाफा | २३,८०,९९,२५६ | १२,१३,२५,६४७ |
| ३. साविकको एक्सिस डेभलपमेन्ट बैंकको घाटा | (९,३७,२९,३७२) | - |
| ४. साविकको सिभिल मर्चेन्ट वित्तीय संस्थाको घाटा | (४,७१,०४,१२०) | - |
| ५. सटही घटबढ कोष | - | - |
| ६. पुँजीगत जगेडाबाट रकमान्तर | १८,८९,२४,७२८ | - |
| **जम्मा** | **२८,६४,०४,०६८** | **१४,३९,३७,७०३** |
| खर्च | - | - |
| १. गत वर्षसम्मको संचित नोक्सान | - | - |
| २. यस वर्षको नोक्सान | - | - |
| ३. साधारण जगेडाकोष | ४,७६,१९,८५२ | २,४२,६५,१३० |
| ४. भैपरी आउने जगेडाकोष | - | - |
| ५. संस्था विकासकोष | - | - |
| ६. लाभांश समीकरणकोष | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू | - | - |
| ८. प्रस्तावित नगद लाभांश | ४,०४,८३,८७० | ११,५०,००,००० |
| ९. प्रस्तावित बोनस शेयर | १८,८९,२४,७२८ | - |
| १०. विशेष जगेडाकोष | - | - |
| ११. सटही घटबढकोष | १८,३८,६४७ | ४४,५८,९९८ |
| १२. पूँजी फिर्ता जगेडाकोष | - | - |
| १३. पूँजी समायोजनकोष | - | - |
| १४. स्थगन कर जगेडा | - | - |
| १५. लगानी समायोजन कोष | ८०,००० | - |
| **जम्मा** | **२७,८९,४७,०९७** | **१४,३७,२४,१२८** |
| **१६.सञ्चित मुनाफा/(नोक्सान)** | **७४,५६,९७०** | **२,१३,५७५** |

## नगद प्रवाह विवरण
### (मिति २०७० साउन १ देखि २०७१ आषाढ ३२ गतेसम्म)

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **(क) कारोबार संचालनबाट नगद प्रवाह** | **३५,११,५८,७६८** | **२४,३५,४७,६१७** |
| **१. नगद प्राप्ति** | **२,०३,८३,०७,७५०** | **१,३६,६३,५३,४८५** |
| १.१ व्याज आम्दानी | १,८६,७४,०९,४१४ | १,२५५,७१३,१३२ |
| १.२ कमिशन तथा डिष्काउन्ट आम्दानी | ६,३३,८८,७४१ | ३,३८,२५,१४८ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | ५,११,५७,३३२ | २,३७,९८,४८५ |
| १.४ अपलेखित कर्जाको असुली | - | - |
| १.५ अन्य आम्दानी | ५,६३,५२,२६३ | ५,३०,१६,७२० |
| **२. नगद भुक्तानी** | **(१,६८,७१,४८,९८१)** | **(१,१२,२८,०५,८६८)** |
| २.१ व्याज खर्च | (१,२३,७३,८५,४४९) | (८१,७२,०२,५३०) |
| २.२ कर्मचारी खर्च | (१६,९१,४५,९२३) | (११,४१,७६,२१७) |
| २.३ कार्यालय सञ्चालन खर्च | (१६,२०,०८,६९५) | (१४,५३,१९,२८०) |
| २.४ आयकर भुक्तानी | (११,८०,०८,९१४) | (४,६१,०७,८४१) |
| २.५ अन्य खर्चहरु | (६,००,०००) | - |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | **२४,७६,२९,७८४** | **८९,५८,४९,४४३** |
| सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/(वृद्धि) | (६,१८,२३,२४,१३४) | (५,६८,९०,८९,४०४) |
| १. माग तथा अल्पसुचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | १८,४९,५७,१४२ | (१८,४९,५७,१४२) |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | ५४,०९,५४,७१४ | (७३,९०,१०,१७०) |
| ३. कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि) | (६,५५,४५,२७,०९७) | (४,६९,१९,३८,५५४) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (३५,३७,०९,८९३) | (७,३१,८३,५३९) |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | **६,४२,९९,५३,९१८** | **६,५८,७२,४१,४४८** |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ६,४१,६१,३८,९५१ | ६,८२,५६,११,२३३ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | - | - |
| ३. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | (३१,६८,०६,६५१) | (१३,१५,७७,११४) |
| ४. अन्य दायित्वमा (कमी)/वृद्धि | ३३,०६,२१,६१९ | (१०,६७,९२,६७१) |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(१४,०८,८४,७४२)** | **(९,५६,२२,७११)** |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | (६२,५१,०००) | (२३,०२,६००) |
| २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (१३,४६,३३,७४२) | (९,५६,२२,७११) |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | - | - |
| ५. अन्य | - | - |
| **(ग) वित्तीय स्रोत कारोबारबाट नगद प्रवाह** | **६८,५४,४०,९५१** | **८०,००,००,०००** |
| १. दीर्घकालीन ऋण (वन्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - | - |
| २. शेयर पूँजीमा वृद्धि/(कमी) | ८८,७८,४९,४२० | ८०,००,००,००० |
| ३. पूँजीको जगेडामा वृद्धि/(कमी) | (२०,२४,०८,४६९) | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - | - |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | **७३,५४,५८४** | **१,७८,३५,९९०** |
| **(ङ) यस वर्षको सम्पुर्ण गतिविधिबाट नगद प्रवाह (क + ख + ग + घ)** | **१,१५,०६,९९,३४३** | **१,८६,१६,१०,३३९** |
| **(च) नगद तथा बैंकमा रहेको शुरू मौज्दात** | **३,१८,६३,१८,९८३** | **१,३२,४७,०८,६४४** |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **४,३३,७०,१८,३२७** | **३,१८,६३,१८,९८३** |